आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
मितिः २४ जुलाई २०२४
समयः १८ः५० - १६ः०० बजे

**प्रमुख समाचार**

१. २०१४ देखि भारतीय रेलवेमा पाँच लाख भन्दा बढी भर्तीहरू गरिएको रेलमन्त्री अश्विनी वैष्णवले जानकारी दिनु भयो।

२. मिरिक पर्यटन केन्द्रको मिरिक झील किनारको एक भागमा सहमेन्दु गुराँस उध्यान बनाँउने कार्य शुरू भएको छ।

३. दार्जीलिङ नगरपालिकाका अध्यक्ष दिपेन ठकुरीले अवैध रूपमा राखिएका हकर्स मार्केटहरूलाई हटाउने कामबारे जानकारी दिंदै विस्थापित हकर्सहरूलाई पछि अर्को स्थानमा स्थानान्तरण गरिने बताउनु भएको छ।

४. प्रतिष्ठित नाट्यकर्मी तथा साहित्यकार ओमनारायण गुप्ताको निधनले दार्जीलिङ पहाडका नाट्य अनि साहित्य जगतमा शोकको लहर छाएको छ।

**राज्यसभा - बजेट छलफल**

केन्द्रीय बजेटमाथि राज्यसभामा छलफल चलिरहेको छ । छलफलका क्रममा कांग्रेसका पी चिदम्बरमले बेरोजगारी र मुद्रास्फीतिको मुद्दा उठाउनु भयो। उहाँले बेरोजगारी सबैभन्दा ठूलो समस्या भएको बताउनु भयो। अर्कोतिर भारतीय जनता पार्टीका राधन मोहन दास अग्रवालले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा विगत १० वर्षका उपलब्धिहरू प्रकाश पर्नु भयो। उहाँले सरकारको जन धन योजना मार्फत देशका करोडौं जनतालाई बैंकिङ सेवा उपलब्ध गराएको बताउनु भयो ।

****** ० ******

**लोकसभा रेलवे नियुक्ति**

२०१४ देखि भारतीय रेलवेमा पाँच लाख भन्दा बढी भर्तीहरू गरिएको छ। रेलमन्त्री अश्विनी वैष्णवले आज लोकसभामा लिखित जवाफमा यो जानकारी दिनु भयो। श्री वैष्णवले भन्नुभयो, रेलवेले यस वर्ष समूह सी पदहरूको विभिन्न श्रेणीहरूमा भर्तीको लागि वार्षिक क्यालेन्डर प्रकाशित गर्ने प्रणाली सुरु गरेको छ। उहाँले रेलवे प्रोटेक्शन फोर्समा सहायक लोको पाइलटए प्राविधिकए सब इन्स्पेक्टर र कन्स्टेबलको पद भर्नका लागि यस वर्षको जनवरीदेखि मार्चसम्म ३२ हजारभन्दा बढी रिक्त पद अधिसूचित गरिएको बताउनु भयो । श्री वैष्णवले भन्नुभयो, २०२० देखि २०२२ सम्म रेलवेमा कुल १ लाख ३० हजार ५८१ भर्ती गरिएको छ।यसका साथै उहाँले पछिल्लो १० वर्षमा देशमा रेल दुर्घटनाको संख्यामा उल्लेख्य कमी आएको छ । सन् २००४ देखि २०१४ को अवधिमा रेल दुर्घटनाको संख्या एक हजार सात सय ११ (औसत प्रतिवर्ष १७१) थियो जुन २०१४ देखि २०२४ सम्ममा घटेर ६ सय ७८ (औसत प्रतिवर्ष ६८) पुगेको छ ।

****** ० ******

**बंगाल बैंक डकैती**

पश्चिम बंगालमा बैंक डकैतीको अर्को घटना बाहिर आएको छ । आज मालदा जिल्लाको गाजोलस्थित केश्तोपुर सहकारी बैंकमा सात–आठ डकैतको समूह प्रवेश गरी लाखौं रुपैयाँ लुटेर फरार भएका छन् । बैंक अकाउंटेंट योगेश्वर मण्डललाई डकैती रोक्न खोज्दा गोली लागेको छ । घाइते योगेश्वरलाई पहिले गजोल स्टेट जनरल अस्पताल लगिएको थियो, त्यसपछि मालदा मेडिकल कलेज अस्पतालमा लगियो । खबर पाएलगत्तै गजोल पुलिस घटनास्थल पुगेको थियो । पुलिस सुत्र अनुसार बैंकबाट करिब ७–८ लाख रुपैयाँ लुटेर डकैतहरु फरार भएका थिए । पुलिसले घटनाको अनुसन्धान गरिरहेको छ|

****** ० ******

**सशस्त्र बल - अग्निवीर**

सीमा सुरक्षा बल- बीएसएफ, केन्द्रीय औद्योगिक सुरक्षा बल- CISF र रेलवे सुरक्षा बल- RPF जस्ता केन्द्रीय सशस्त्र पुलिस बलहरूले आ-आफ्नो संगठनमा पूर्व अग्नि वीरहरूलाई समावेश गर्ने तयारी गरिरहेका छन्। बीएसएफका महानिर्देशक नितिन अग्रवालले पूर्व अग्नि वीरहरूले सीमा सुरक्षा बलमा भर्तीका लागि १० प्रतिशत आरक्षण र उमेरमा छुट पाउने बताउनुभएको छ। सीआईएसएफका महानिर्देशक नीना सिंहले पनि गृह मन्त्रालयको निर्णयअनुसार पूर्व अग्नि वीरहरूलाई सेनामा भर्ना गर्न तयार रहेको बताएकी छन् । पूर्व अग्निवीरहरूले हवल्दार पदमा १० प्रतिशत आरक्षण र उमेर र शारीरिक दक्षता परीक्षणमा छूट पाउनेछन्। आरपीएफका महानिर्देशक मनोज यादवले पूर्व अग्नि नियन्त्रकहरूलाई उमेर सीमामा छुट र शारीरिक दक्षता परीक्षणबाट छुटसहित बलमा भर्ती गर्न रेलवे सुरक्षा बल पूर्ण रूपमा तयार रहेको बताए।

****** ० ******

**सहमेन्दु गुराँस उध्यान**

मिरिक पर्यटन केन्द्रको मिरिक झील किनारको एक भागमा सहमेन्दु गुराँस उध्यान बनाँउने कार्य शुरू भएको छ। जसको थालनी आज एक कार्यक्रम माझ गरियो। यस अवसरमा मिरिक महकुमा शासक प्रेयङ्का सिहं मेहता एमिरिक नगरपालिका अध्यक्ष एलबी राईएमिरिक कृषि विभागका सह निर्देशक विभूती रिजालए सियोक गोपालधारा ओकेटी समष्टि सभासद धुर्ब बम्जनएपर्यावरणविद एलबी देवानए विविधता प्रबन्धन कमिटिका केन्द्रीय संयोजक पन्चमी शर्मा लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरू उपस्थित थिए।

****** ० ******

**बीजीपीएम**

केन्द्रको बजट सत्रमा टिस्टाको निम्ति कुनै चर्चा नभएको विषयमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका सभासद एवम् खरसाङ सचिवालयका इन्चार्ज प्रणाम रसाईलीले दार्जीलिङका सांसद राजु विष्टले यस दिशामा कार्य नगरेको आरोप लगाएका छन्। तिनले टिस्टा बाढ पिडितहरूको निम्ति प्रथम बजट सत्रमानै कुनै उल्लेख नहुनुले स्पष्ट हुन्छ कि टिस्टाको निम्ति सासंदले केही गरेका छैनन् भनी जनाउनु भएको छ। रसाइलीले यसपल्ट पनि सांसद विष्टले चुनाउअघि दिएको वचन अनुरूप कार्य नगरेको बताउँदै जस्तो चुनाउ जित्छुए त्यस्तै भोलिपल्टदेखि म टिस्टावासीको निम्ति मैदानमा उत्रिएर कार्य गर्छु भनेको कुरा स्मरण गराए अनि यस दिशामा बिष्टले पटक्कै कार्य नगरेको जनाउनु भयो। अर्कोतिर रसाइलीले बन्द चियाबगानमा बसोबासो गर्ने मानिसहरूको निम्ति पनि सांसदले काम नगरेको अभियोग लगाउनु भयो।

****** ० ******

**कालेबुङ**

राष्ट्रिय राजमार्ग १० को अवस्था सोचनीय बनेकोले विगत कयौं दिनदेखि यातायात बाधित बनेको छ। त्यसैलाई केंद्र गरेर बिभिन्न पक्षमा पहल भइरहेको छ। यसैबीच राष्ट्रिय राजमार्ग १० को वर्तमान स्थितिमाथि जायजा लिन मंगलबार विभिन्न सम्बन्धित विभागीय अधिकारीहरुद्वारा निरिक्षण गरिएको छ।उक्त निरक्षण विषय कालेबुङ जिल्लापालले एक पत्रकार सम्मेलन मार्फत जानकारी गराएका छन्। उहाँले बाटो कहिले खुल्ने बारे पनि जानकारी दिनु भएको छ।

****** ० ******

**दार्जीलिङ नगरपालिका**

आज दार्जीलिङ नगरपालिकाका अध्यक्ष दिपेन ठकुरीले थर्न कटेज क्षेत्र, सनफ्लावर होटल नजिकए अवैध रूपमा राखिएका हकर्स मार्केटहरूलाई हटाउने कामबारे पत्रकार सम्मेलन गर्नु भयो। उहाँले यस क्षेत्रमा भइरहेको हकर्स मार्केटहरूलाई हटाउने कार्यको विस्तृत जानकारी दिँदै विस्थापित हकर्सहरूलाई पछि अर्को स्थानमा स्थानान्तरण गरिने जानकारी दिनु भयो।अध्यक्ष ठकुरीले थप जानकारी दिनु हुँदैए ष्यस क्षेत्रमा थप सौन्दर्यकरणका लागि ७ दिनको समय सीमा दिइएको अनि सबैलाई क्षेत्र खाली गर्न आग्रह गर्नु भएको छ| नगरपालिकाले यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सबैको सहयोगको अपेक्षा गरेको छ र यो कदमले थर्न कटेज क्षेत्रलाई अझ सुन्दर बनाउने विश्वास व्यक्त गरेको जानकारी प्राप्त भएको छ।

****** ० ******

**घूम जोरबङ्गलो नगरपालिका**

**घूम जोरबङ्गलो पीपल्स अर्गानाईजेशनले दार्जीलिङ नगरपालिका चेयरम्यान दिपेन ठकुरी लगायत बोर्डलाई आभार जनाएको छ। दार्जीलिङ नगरपालिकाले केहीदिन अघि नगरपालिका क्षेत्रमा अवैध तरिकाले दखल गरेर राखेको फुटपाथको दोकानहरू हटाउने कार्य गरेको थियो। घूम जोरबङ्गलो पीपल्स अर्गानाईजेशनको तर्फबाट दार्जीलिङ नगरपालिका चेयरम्यान दिपेन ठकुरी लगायत बोर्डलाई उक्त पहलको निम्ति आभार जनाएका छन्। यस अवसरमा अर्गानाईजेशनको तर्फबाट अध्यक्ष साङ्गे डुक्पाए महासचिव ठेण्डुप वाङ्दीए उप सभापति वाङ्दी येल्मूए अभिषेक छेत्री लगायत अन्यको उपस्थिति रहेको थियो। अर्गानाइजेशनका अध्यक्ष डुक्पाले नगरपालिकाले शुरू गरेको यस कार्यलाई निरन्तरता दिँदै घूम-जोरबङ्गलो क्षेत्रमा भएका अवैध दोकानहरू पनि हटाइयोस् भनी आग्रह गरेका छन्।**

**नाट्यकर्मी तथा साहित्यकार ओमनारायण गुप्ता**

**प्रतिष्ठित नाट्यकर्मी तथा साहित्यकार ओमनारायण गुप्ता अब रहेनन्। पछिल्लो केही समययता उपचाराधीन अवस्थामा रहेका ८२ वर्षीय ओमनारायण गुप्ताको आज बिहान ११ बजे उपचारको क्रममा सिलगढीमा निधन भएको छ। यस दुःखद खबरले दार्जीलिङ पहाडका नाट्य अनि साहित्य जगतमा शोकको लहर छाएको छ। हिन्दी अनि गोर्खा/नेपाली नाटक साथै साहित्यप्रति मृत्युपर्यन्त सर्मपित स्व. गुप्ता स्थानीय विभिन्न शैक्षिक संस्थानए ओपन स्कुल र रामकृष्ण बीएड कलेजका पार्ट टाइमर शिक्षण पेशामा संलग्न रहेका थिए। भोलि अपरान्ह १ बजे स्व. गुप्ताको दाहसंस्कार गरिने तिनका छोरो विशालनारायण गुप्ताले जनाएका छन्। आफुपछि दिवङ्गत ओमनारायण गुप्ताले ३ छोरा अनि ४ छोरी छाडी गएका छन्।**

**कर्णेल वर्षा राई**

लेफ्टिनेन्ट कर्णेल वर्षा राईले कारगिल विजय रजत जयन्तीको अवसरमा देशका शहीद सैनिकहरूलाई श्रद्धांजलि अर्पण गर्न १०० माइल (१६० किमी) अल्ट्रा दौड पूरा गर्नु भएको छ। दौड १६ जुलाई २०२४ मा श्रीनगरको चिनार युद्ध स्मारकबाट सुरु भयो र २२ जुलाई २०२४ मा कारगिल युद्ध स्मारकए द्रासमा समाप्त भयो। लेफ्टिनेन्ट कर्नल वर्षा राई र टोलीले अल्ट्रा रनको समापनमा कारगिल युद्ध स्मारकमा हाम्रा शहीदहरूलाई श्रद्धांजलि अर्पण गरेको छ। उनका पति कर्नेल वरुण दीक्षित पनि उनीसँग दौडमा सामेल भए र उनीसँग १०० माइल (१६० किलोमिटर) दूरी तय गरे। टोलीमा चिनार कोर्प्सका नौ जवान पनि सहभागी थिएए जसले रुटका विभिन्न भाग ४ देखि ६ वटा ब्याचमा समेटेका थिए। दार्जिलिङकी लेफ्टिनेन्ट कर्णेल (एपीआर) वर्षा राई सेवानिवृत्त कर्णेल केशव राईकी छोरी हुन्।

****** ० ******

**छैठौं अनुसूची संघर्ष समिति**

छैठौं अनुसूचीको मांगमा गोर्खा हिल छैठौं अनुसूची संघर्ष समिति गठन हुनेछ भनी गोर्खा हिल छैठौं अनुसूची संघर्ष समिति मिरिक शाखाका सदस्य सुनिल सुब्बाले एक प्रेस भेला आयोजन गरेर जानकारी दिनु भएको छ। समितिले दार्जीलिङ पहाडमा छैठौं अनुसूची लागु हुनु पर्नेमा कार्य गर्ने पनि उहाँले बताउनु भएको छ|

****** ० ******

**मझुवा**

दार्जीलिङ पुलबजार खण्डको मझुवा ग्राममा हालै प्रोइभेट गाडी चालक तथा माालिकवर्गद्वारा गठन गरिएको "मास "(मझुवाए आरूबोटे अनि सिबोङ्गडेरा)- सङ्गठनले क्षेत्रमा असुविधा रहेको बाटोको मर्मति कार्य शुरू गरेको छ। उक्त सङ्गठनले

आज ३० जना सदस्यहरू लिएर क्षेत्रका ग्रामीण भेगमा असुविधा रहेको बाटो मर्मति तथा नालाझोडा सफाई गरिएको सङ्गठनका सहसचिव देवेन राईले जानकारी गराउनु भएको छ|

****** ० ******